## बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८२ साल पुस ३० गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

**प्रदेश मन्त्रिपरिषद् बैठक संख्याः १५/०८२**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश निजामती सेवा नियमावली, २०८२ को मस्यौदा उपर परामर्शको लागि प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशमा पठाउने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | माननीय मुख्यमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकार हेटौंडा उपमहानगरपालिका , वडा नं. ३ स्थायी ठेगाना भएका श्री बुद्ध लामा (ना.प्र.नं. ४८४३, मकवानपुर)ले दिनुभएको राजीनामा मिति २०८२/१०/०१ गते देखि लागू हुने गरी स्वीकृत गर्ने। |
| ३. | सामाजिक विकास मन्त्रालय | विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष नियमावली, २०८२ स्वीकृति सम्बन्धमा मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने । |
| ४. | कृषि तथा पशुपंछी विकास मन्त्रालय | प्रादेशिक कृषि थोक बजार सञ्चालन निर्देशिका, २०८२ को मस्यौदा स्वीकृति सम्बन्धमा मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८२ साल पुस २४ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

**प्रदेश मन्त्रिपरिषद् बैठक संख्याः १४/०८२**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | स्वास्थ्य मन्त्रालय | स्वीकृत संगठन संरचना तथा दरवन्दी तेरिज साविक बमोजिम नै हुने गरी प्रदेश जनस्वास्थ्य प्रयोगशालाको कार्यालय काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका, वडा नं ७ बाट भक्तपुर जिल्लाको सुर्यविनायक नगरपालिका वडा नं ८ मा स्थानान्तरण गरी सेवा प्रवाह गर्ने । |
| २. | स्वास्थ्य मन्त्रालय | एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन (तेस्रो संशोधन) कार्यविधि, २०८२ स्वीकृति सम्बन्धमा मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने। |
| ३. | सहकारी तथा गरिबी निवारण मन्त्रालय | क) प्रदेश सहकारी ऐन, २०७६ को दफा ८२ को उपदफा (१) को (क) बमोजिम वरिष्ठ अधिवक्ता श्री शिव प्रसाद सिग्देल, धुलिखेल न.पा., ९ काभ्रेपलाञ्चोकलाई अध्यक्ष पदमा, सोही ऐनको दफा ८२ उपदफा (१) को (ख) बमोजिम का. म. न. पा.,३२, कोटेश्वर, काठमाण्डौ बस्ने दिपक के. सी लाई सदस्य पदमा र सोही ऐनको दफा ८२ उपदफा (१) को (घ) बमोजिम श्री रामेश्वर ढकाल, बालुवापटी देउपुर,३ (हाल मण्डन देउपुर न. पा., १) काभ्रेपलाञ्चोक लाई सदस्य पदमा मनोनयन गर्ने।<br>ख) निर्णय (क) बमोजिम अध्यक्ष र सदस्यको सेवा सुविधा तथा शर्त " समस्याग्रस्त सहकारी संस्थाको निमित्त गठित व्यवस्थापन समितिको सेवा सुविधा तथा शर्त सम्बन्धी व्यवस्था, २०८०"बमोजिम हुने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८२ साल पुस १६ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

**प्रदेश मन्त्रिपरिषद् बैठक संख्याः १३/०८२**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका अधिकृतहरू र प्रदेश निजामती सेवाका अधिकृत एघारौंलाई कामकाज/जिम्मेवारी हेरफेर/थप जिम्मेवारी दिने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सुनापति गाउँपालिकाको हालको वडा नं. ४ लाई विभाजन गरी नयाँ वडा नं. ४ र वडा नं. ६ कायम गर्ने भनी सुनापति गाउँपालिकाको गाउँ सभाले पारित गरी गाउँ कार्यपालिका मार्फत प्राप्त प्रस्ताव नेपाल सरकारमा पठाउने। |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १. Gen-Z प्रदर्शनको क्रममा आगजनी तथा तोडफोडका कारण सवारी साधन पूर्णरुपमा क्षति भएको भन्ने व्यहोराको प्रहरी मुचुल्का लगायत पूर्ण क्षति पुष्टाँई हुने आवश्यक प्रमाण कागजात पेश भएमाः-<br>क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा मातहतका निकायहरुको स्वामित्वमा रहेका सवारीसाधनहरु, सार्वजनिक संस्थान, प्रतिष्ठान, बोर्ड, आयोग, समितिका स्वमित्वमा रहेका सवारी साधनहरु, पर्यटक सवारी साधनहरु एवं निजी सवारी साधनहरु पूर्ण क्षतिग्रस्त भएको हकमा लगत कट्टा गर्ने प्रयोजनको लागि चालु आर्थिक वर्ष २०८२/८३ को मात्र सवारी साधन कर र नवीकरण दस्तुर छुट दिने।<br>ख) उक्त प्रदर्शनको क्रममा पूर्ण रुपले क्षतिग्रस्त भएका सार्वजनिक (भाडाका) सवारी साधनको हकमा लगत कट्टा गर्ने प्रयोजनको लागि चालु आर्थिक वर्ष २०८२/८३ को मात्र सवारी साधन कर, नवीकरण दस्तुर, जाँचपास नवीकरण दस्तुर र बाटो इजाजतपत्रको नवीकरण दस्तुर छुट दिने।<br>२. मिति २०८२ भाद्र २३ र २४ गतेको Gen-Z प्रदर्शनले गर्दा सेवा प्रवाह अवरुद्ध भएको कारणले यातायात व्यवस्था कार्यालयहरुमा सम्वत् २०८२ भाद्र २३ गतेदेखि सेवा सुचारु नभएसम्मको अवधि भित्र दस्तुर तिर्नु पर्ने अन्तिम मिति तोकिएका सवारी साधनहरुको हकमा मात्र संवत् २०८२ पुस मसान्तसम्ममा दस्तुर बुझाउन आएमा प्रचलित कानून बमोजिम बाटो इजाजत पत्रको नवीकरण दस्तुरमा लाग्ने जरिवाना र थप जरिवाना तथा जाँचपासको नवीकरण दस्तुरमा लाग्ने जरिवाना र थप जरिवाना छुट दिने। |
| ४. | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | वार्षिक रुपमा मंसिर २८ गतेलाई प्रदेश हस्तकला दिवस घोषणा गर्ने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

| | | |
|---|---|---|
| ५. | स्वास्थ्य मन्त्रालय | प्रदेशका बिपन्न नागरिक एवं आकस्मिक उपचारका लागि रक्तसञ्चार सेवा (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०८२ स्वीकृति सम्बन्धमा मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने। |
| ६. | संस्कृति तथा पर्यटन मन्त्रालय | नमोबुद्ध क्षेत्र विकास समिति (गठन) आदेश, २०८२ स्वीकृत गर्ने सम्बन्धमा मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने। |
| ७. | संस्कृति तथा पर्यटन मन्त्रालय | त्रिभुवन पार्क सञ्चालन तथा व्यवस्थापन समिति (गठन) आदेश, २०८२" स्वीकृत गर्ने सम्बन्धमा मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने। |
| ८. | सहकारी तथा गरिबी निवारण मन्त्रालय | समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका तपसिल बमोजिमका पदाधिकारीहरूको राजीनामा मिति २०८२।०७।१६ देखि लागू हुने गरी स्वीकृत गर्नेः<br>१. श्री प्रभात अधिकारी, अध्यक्ष ,काठमाडौं महानगरपालिका वडा नं. ३१, जिल्ला काठमाडौं ।<br>२. श्री यज्ञनाथ दहाल, सदस्य, काठमाडौं महानगरपालिका वडा नं. ४, जिल्ला काठमाडौं । |
| ९. | सहकारी तथा गरिबी निवारण मन्त्रालय | समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य श्री यतीराज सापकोटा (मकवानपुरगढी गा.पा. वडा नं. २, जिल्ला मकवानपुर) को राजीनामा मिति २०८२/०९/०८ देखि लागू हुने गरी स्वीकृत गर्ने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।